# स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या १३ असार ११ गते २०८० साल


**भाग १**

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको ऐन नं.१३

## मिर्चैया नगरपालिकाको नगर प्रहरी ऐन, २०८०

**प्रस्तावनाः**

मिर्चैया नगरपालिका भरि सार्वजनिक सम्पतीको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न नगरपालिकाको आफ्नै नगर प्रहरी संगठन स्थापना र संचालन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ (१) र धारा २२ (१) द्वारा प्रदत्त अधिकारको प्रयोग गरी मिर्चैया नगरपालिकाको

नगरसभाले नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न यो ऐन जारी गरिएको छ ।

## परिच्छेद- १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम “ मिर्चैया नगरपालिकाको नगर प्रहरी ऐन २०८० ” भन्ने रहेको छ ।

(२) यो ऐन मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३) यो ऐन मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को आर्थ नलागेमा यस ऐनमाः-

(क) “ऐन” भन्नाल मिर्चैया नगरपालिकाको गाउँपालिका प्रहरी ऐन २०८० लाई सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) “प्रमुख” भन्नाले नगर पालिकाका प्रमुखलाई सम्झनुपर्दछ ।

(घ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले मिर्चैया नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

(ङ) “नगरपालिका प्रहरी” भन्नाले यस ऐन अन्तर्गत मिर्चैया नगरपालिकामा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्छ ।

(च) “नगर पालिका प्रहरी प्रमुख” भन्नाले मिर्चैया नगरपालिकामा नियुक्त जुनियर ड्यूटी अफिसरलाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## नगरपालिका प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. **नगरपालिका प्रहरीको गठनः** (१) यस ऐन वमोजिम नगरपालिकामा एक नगर प्रहरीको गठन गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण नगर कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

४. **नगर प्रहरी सेवाको रेखदेख र नियन्त्रणः** नगर पालिकामा गठन हुने प्रहरी सेवाको रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद- ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरी कर्मचारीको कर्तव्यः** नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने ,

(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ,

(घ) स्थानीय बजार तथा पार्किंग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ,

(ङ) नगरपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ,

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन गर्ने ,

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा गर्ने,

(ज) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्थापना गर्ने,

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ठ) कार्यालयले तोकेको अन्य कार्य गर्ने,

## परिच्छेद- ४

## तह सृजना र पदपूर्ति

**६. नगर प्रहरीको दरवन्दी सृजनाः** (१) नगर पालिकामा रहने प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी सम्बन्धी कार्य नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगर प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ ।

**७. नगर प्रहरीमा रहने पदहरुः** (१) नगरपालिका प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछनः-

(क) नगर प्रहरी सहायक निरिक्षक (सहायक स्तर पाँचौ, इन्चार्ज)

(ख) नगर प्रहरी हवल्दार (सहायक स्तर चौथो)

(ग) नगर प्रहरी जवान (सहायक स्तर दोश्रो)

**८. पदपुर्ति समितिको गठनः** नगर कार्यपालिकाको वैठकले पालिका प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ । तर नगरपालिका स्थानीय सेवा ऐनमा रहेको पदपूर्ती समिति कृयाशिल भएमा सोही समितिले नै नगर प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ ।

**९. करार सेवामा नियूक्ति गर्नु पर्नेः** यस ऐन जुनसुकै कुरा उल्लेख गरेमा पनि हाललाई नगर प्रहरीको कुनै पदपूर्तिको लागि रिक्त पदमा तोकिए वमोजिमका तहमा काम गर्नेगरी करारमा नियुक्ति गर्नु पर्नेछ ।

१०. **नगर प्रहरीको आवश्यक योग्यताः** (१) नगर प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी सहायक निरिक्षकः यस पदको लागि कुनै विषयमा प्रमाणपत्र तह वा बाह्र कक्षा उर्तिण गरी ४० वर्ष उमेर ननाघेको ।

(ख) नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागिः कुनै विषयमा माध्यमिक शिक्षा उत्तिर्ण गरी ४० वर्ष ननाघेको ।

(ग) नगर प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(२) उपदफा (१) को प्रकरण नं. क, ख र ग बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

(३) दफा ७ को उपदफा १ (क, ख र ग) बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछन ।

११. **विज्ञापन सम्बन्धी व्यवस्थाः** नगर प्रहरीको भर्नाको लागि विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## सजाय र पुनरावेदन

१२. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने ।

ख. तलव बृद्धि रोक्का गने ।

ग. तल्लो तहमा घटुवा गर्ने।

घ. लापरवाही गरी नगरपालिकलाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गरिने, ।

ङ. भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने ।

च. भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने ।

**१३. नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी पूरा गरी सेवाबाट हटाईने छ ।

**१४. तलब वा वढुवा रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजन नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

**१५. तह र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क. सन्तोषजन काम नगरेमा ।

ख. अनुशासनहिनता गरेमा ।

ग. आचरण सम्बन्धि ऐन उल्लंघन गरेमा ।

घ. नगरपालिकाले दिएको आदेश निर्देश नमानेमा वा कार्यान्वयन नगरेमा, ।

ङ. मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा ।

च. तोकिए बमोजिमको जिम्मेवारीमा लापरर्वाही गरेमा वा पुरा नगरेमा ।

**१६.सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा, ।

(ख) राजनीतिमा भाग लिएमा ।

(ग) बारम्बार अनुशासनहीन काम गरेमा, ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा ।

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा ।

(च) प्रचलित कानुन बमोजिम भ्रष्ट्रचाराजन्य कसुर गरेमा ।

(छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा ।

(च) आचरण सम्बन्धी नियमहरु पटक-पटक उल्लंघन गरेमा ।

**१७. सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ। त्यस्तो सफाई पेश गर्न आदेश दिँदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ ।त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगरपालिका प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुर्याउनु पर्नेछ ।

**१८. पुनरावेदन लाग्नेः** दफा १२ बमोजिमको कारबाहीमा चित्त नबुझेमा पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेदः- ६

## तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था

१९. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः** (१)नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा नगरपालिकाले तोके अनुसार वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार दुई बर्षमा नबढने गरी थप गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोष जनक नरहेको नगर प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

**परिच्छेदः-७**

**पोशाक र दर्ज्यानी चिन्ह**

२०. **पोशाक र चिन्हः** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था नगर कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**परिच्छेदः-८**

**विविध**

२१. **तालिमः** छनौट भएका नगर प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पुर्व नेपाल प्रहरीसँगको समन्वयमा न्युनतम सात दिनको आधारभुत तालिम प्रदान गर्नुपर्नेछ ।

२२. **पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई नगरपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

२३. **कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

२४. **नियमावली, कार्यविधि,निर्देशिका र मापदण्ड बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई नगर कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि,निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

२५ **खारेजी तथा बचाउः** (१) यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६ **संघीय तथा प्रदेश कानुनसँग बाझिएमा :** यस ऐनमा उल्लिखित कुनै प्रावधान प्रदेश वा संघीय कानुनमा भएको व्यवस्थासँग बाझिएमा प्रदेश वा संघीय कानुन वमोजिम हुनेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत